Total No. of Printed Pages—7

**HS/XII/A/n/20**

# 2020

## NEPALI ( ELECTIVE )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर छानेर लेख: 1×10=10

(क) कृष्णले कसलाई सन्तान नहुने ओखती खुवाएको छ?

*(i)* युवतीलाई

*(ii)* दुलहीलाई

*(iii)* वाग्मतीलाई

*(iv)* मैनालाई

(ख) 'मसान' नाटकमा कति दृश्य छन्?

*(i)* सात

*(ii)* आठ

*(iii)* नौ

*(iv)* दस

(ग) भोटु कसको छोरो हो?

*(i)* कृष्णकी बहिनीको छोरो

*(ii)* कृष्ण र दुलही-को छोरो

*(iii)* युवती र कृष्ण-को छोरो

*(iv)* वाग्मतीको एक्लो छोरो

(घ) दुलही 'दाम' राखेर ढोगिदिन्छे।

यो वाक्यमा 'दाम' भनेको के हो?

*(i)* सुन

*(ii)* चाँदी

*(iii)* पैसा

*(iv)* कपडा

(ङ) ''थसुल्ली मोरी घर भरिकी भैदी म नअटाउने भएँ।''—यस वाक्यमा 'थसुल्ली'-को अर्थ के हो?

*(i)* राम्री

*(ii)* काली

*(iii)* मोटी

*(iv)* गोरी

(च) 'बसाइँ' कस्तो उपन्यास हो ?

*(i)* पौराणिक

*(ii)* ऐतिहासिक

*(iii)* सामाजिक

*(iv)* राजनैतिक

(छ) 'बसाइँ'-मा कति पाठ छन् ?

*(i)* बीस

*(ii)* पच्चीस

*(iii)* तीस

*(iv)* पैंतीस

(ज) 'मालश्री' कुन चाढमा गाइन्छ ?

*(i)* तिहार

*(ii)* तीज

*(iii)* दशैं

*(iv)* शिवरात्रि

(झ) ''हरिरामको होइन मुखिया साहेब''—यस कथनमा 'हरिराम' के हो ?

*(i)* थेगो

*(ii)* टुक्का

*(iii)* उखान

*(iv)* वाग्धारा

(ञ) झुमाले के गाउँछे?

*(i)* भजन

*(ii)* दोहोरी

*(iii)* रतेउली

*(iv)* सङ्गिनी

**2.** कोष्ठभित्र दिइएका सही शब्द छानेर तलका वाक्य पूरा गर : 1×5=5

(क) मेरो ______ कुम्भकर्णको निद्राजस्तो मात्र भो। (शरीर/निद्रा)

(ख) छोराकै ______ हुने गरेर त्यस्तो रिस त कुनै आमाले पनि नगरोस्। (भलो/कुभलो)

(ग) यस्तै हो भने त कति ______ त अब। (रात/दिन)

(घ) झुमा र ______ बेलैमा घरबाट निस्के। (सानी/ठूली)

(ङ) युग-युगबाट बसेको ______ छाड्नुपर्छ। (घर/थात)

**3.** कथन सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख : 1×5=5

(क) कृष्णकी बहिनीबाट आरतीस्याँउली सम्पन्न भयो।

(ख) दुलही भर्खर सोह्र वर्ष पुगेकी छ।

(ग) बनकी बुढेनी रागे भीरमा बास गर्छिन्।

(घ) हत्केलाले मुख छोपेर झुमा रुन थाली।

(ङ) मैनालाई सान्त्वना दिन त धने थियो।

SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूका *5/6* वाक्यमा उत्तर लेख : 3×5=15

(क) लेउते दमाई को हो? उ कस्तो मानिस थियो?

(ख) ''म त सानैदेखि पो परदेश लागेको, चौध वर्षको मात्र थिएँ होला पहाड छाड्दा।''—यो वाक्य कसले भनेको हो? उसले किन चौध वर्षमा पहाड छोडेको रहेछ?

(ग) दोबाटे साहिँलो को हो? उसले छिमेकीहरूलाई गिज्याउन किन परम आनन्द मान्थ्यो?

(घ) नन्दे ढकालको कान्छो छोरो कस्तो स्वभावको छ? उसले गाउँमा के गर्छ?

(ङ) दुलही को हो? उसका चरित्रका केही विशेषताहरू लेख।

(च) ''यस्तै हो भने त कति दिन त अब? त्यो गति भइसक्यो।''—यस वाक्यको वक्ता को हो? यस वाक्यमा 'त्यो गति भइसक्यो' भनेर कसलाई र किन भनिएको छ?

(छ) युवती र दुलही को हुन्? यी दुइका के दुःखहरू रहेका छन्?

**5.** (क) अलङ्कार भनेको के हो? यसका कति प्रकार छन्? 3

(ख) रसको परिचय दिँदै कुनै चारवटा रसको नाम लेख। 3

(ग) कारक भनेको के हो? कारक कति प्रकारका छन्? 3

(घ) विभक्ति के हो? विभक्तिका चिह्नहरू के-के हुन्? 3

(ङ) 'छन्द' के हो? झ्याउरे छन्दको एउटा उदाहरण देऊ। 3

## ( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर (कुनै **दुइ**)ः 6×2=12

(क) तिमी त्यसो भन्छ्यौ। सब खुशी देखिन्छन्। म भने केही कुरामा पनि रस लिन सक्तिन मेरो हातमा पर्ने बित्तिकै जे पनि छोक्रा, थेग्रा जस्तो हुन्छ।

(ख) मेरो अलच्छिने लुगा पनि दिनुहुन्छ? फाट्छ फाप्दैन। नानीको भए अझसम्म उहाँको एउटा छोराछोरी पनि तलमाथि परेको छैन।

(ग) ''होइन, चाइनेभन्देखि त्यो त मलाई के भन्छस् बैदारसाहेब र तेरो लिनदिन हो, चाहिने भन्देखि उहाँ तेरै अगाडि हुनुहुन्छ, मना तैंले मानिबक्सियो भने चाइनेभन्देखि हामी त के कुरा मिलाउनेसम्मका न हौं।''

**7.** 'मसान' नाटककी सहनायिका दुलहीको चरित्र चित्रण गर। 7

**अथवा**

'मसान' नाटकका सबै पात्र–पात्राहरूको सङ्क्षेपमा परिचय देऊ।

**8.** 'बसाइँ' उपन्यासको नायक धनेको चरित्र चित्रण गर। 7

**अथवा**

'बसाइँ' उपन्यासको पाठ सत्रमा आएको कथावस्तुलाई सङ्क्षेपमा लेख।

**9.** समाजमा बढ्दै गइरहेको सामाजिक सञ्जालको समस्या बताउँदै मित्रलाई एउटा पत्र लेख। 5

**10.** तलको कुनै **एउटा** विषयमाथि (*150* शब्दभित्र) निबन्ध लेख : 10

(क) तिम्रो जीवनको उद्देश्य

(ख) परिश्रमको महत्त्व

(ग) पुस्तकको महत्त्व

(घ) मोबाइल फोन वरदान कि अभिशाप

**11.** तलको अनुच्छेद पढी उचित शीर्षक दिँदै सारांश लेख : 9

दस बजेतिर शोभा रामुका घरमा पुगेर उनको कोठामा पसिन्। त्यस बेला रामुलाई निद्रा परेको रहेछ। रामुका कोठामा छाँटकाँट देखेर शोभा दुःखी भइन्। कोपरा नमाझेर कालो भैराखेको, फिकदानीमा झिँगा भन्किराखेका, ठाउँठाउँमा कसिङ्गर थुप्रिराखेका, मैला लुगाहरू यताउति छरिइराखेका, किताब र छापाहरू जथा-भावीसँग मिल्किरहेका थिए। ओछ्यानमा मैलो तन्ना ओछ्याइराखेको, रामु पनि मैलो कमिजसुरूवाल लगाएर मैलो दोलाईं ओढेर सुतिरहेका थिए। दुब्लाएर हातगोडा सिन्काजस्ता भएका, शरीर रक्तहीन, केश रूखो, अनुहार फुङ्ङ उडेको, दारी-जुँगा र हातगोडाका नङ लामालामा भैराखेका, कोठामा बिरामी कुर्ने मानिस कोही पनि नबसेका, पल्लो कोठामा सानु छोरो रोइरहेको। घरको यस्तो बीभत्स दृश्य देखेर शोभाको मन एकतमासको भयो। पल्लो कोठामा गएर छोरालाई बोकेर ल्याइन् र कोठामा छरिएका भालताल सिहार्न लागिन्। मैला लुगाहरू सबै एकएक गरेर मिलाएर राखिदिइन्। कोपरा लगेर कोठाबाहिर बरण्डाको कुनामा राखिन् र छोरालाई काखमा लिएर रामुको ओछ्यान अगाडि चकलमा बसिन्।

★★★